बैठक संख्याः ६३

आज मिति २०८३/०३/०८ गते, सोमबारका दिन त्रियुगा नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार बस्नेतज्यूको अध्यक्षतामा तपसिल बमोजिमका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुको उपस्थितिमा त्रियुगा नगरपालिका, नगर कार्यपालिकाको ६३ औं बैठक बसी देहाय बमोजिमको निर्णय गरियो।

उपस्थिति

| सि.न. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री बसन्त कुमार बस्नेत | नगर प्रमुख | |
| २ | श्री महेश्वरी राई | नगर उपप्रमुख | |
| ३ | श्री कुमार प्रसाद कोइराला | सदस्य सचिव | |
| | कार्यपालिका सदस्यहरू | | |
| ४ | श्री मनोज कुमार चौधरी | वडा अध्यक्ष वडा नं. १ | |
| ५ | श्री घमान सिह खत्री | वडा अध्यक्ष वडा नं. २ | |
| ६ | श्री तिलक बहादुर कटुवाल | वडा अध्यक्ष वडा नं. ३ | |
| ७ | श्री बद्री बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ८ | श्री उद्धव कुमार थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ९ | श्री योगेन्द्र बहादुर दाहाल | वडा अध्यक्ष वडा नं. ६ | |
| १० | श्री अमर बहादुर दनुवार | वडा अध्यक्ष वडा नं. ७ | |
| ११ | श्री राज कुमार राउत | वडा अध्यक्ष वडा नं. ८ | |
| १२ | श्री राज कुमार दनुवार | वडा अध्यक्ष वडा नं. ९ | |
| १३ | श्री किरण पाण्डे | वडा अध्यक्ष वडा नं. १० | |
| १४ | श्री सुमन्त कोइराला | वडा अध्यक्ष वडा नं. ११ | |
| १५ | श्री नविन कुमार वान्तवा राई | वडा अध्यक्ष वडा नं. १२ | |
| १६ | श्री नविन कुमार चौधरी | वडा अध्यक्ष वडा नं. १३ | |
| १७ | श्री हिम राज मगर | वडा अध्यक्ष वडा नं. १४ | |
| १८ | श्री गणेश प्रसाद तिम्सीना | वडा अध्यक्ष वडा नं. १५ | |
| १९ | श्री मान बहादुर राई | वडा अध्यक्ष वडा नं. १६ | |
| २० | श्री बिमल राई | कार्यपालिका सदस्य | |
| २१ | श्री डिल्ली सेर राई | कार्यपालिका सदस्य | |
| २२ | श्री बलदेब बिश्वकर्मा | कार्यपालिका सदस्य | |
| २३ | श्री गीता कुमारी उप्रेती | कार्यपालिका सदस्य | |
| २४ | श्री रेखा थापा मगर | कार्यपालिका सदस्य | |
| २५ | श्री रेणुका श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २६ | श्री सुनिता गजमेर | कार्यपालिका सदस्य | |
| २७ | श्री कुन्ती परियार | कार्यपालिका सदस्य | |
| | सहयोगी कर्मचारी | | |
| १. | जनक प्रसाद ढुंगाना | अधिकृतस्तर सातौं | |

CamScanner

निर्णय नं. १०२२

देहाय बमोजिमका विषयहरुलाई त्रियुगा नगरपालिकाको नगर सभाको सत्रौं अधिवेशन मिति २०८३।०३।१० को बैठकमा देहायको अनुसूची सहित प्रस्तावको रूपमा निर्णयार्थ पेश गर्ने निर्णय गरियो।

१. त्रियुगा नगरपालिकाको आर्थिक वर्ष २०८३।८४ को वार्षिक नगर विकास नीति तथा कार्यक्रम स्वीकृत गर्ने। (अनुसुची १)

२. त्रियुगा नगरपालिकाको आर्थिक वर्ष २०८३।८४ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बनेको आर्थिक विधेयक, २०८३ स्वीकृत गर्ने। (अनुसूची २)

३. त्रियुगा नगरपालिकाको आर्थिक वर्ष २०८३।८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बनेको विनियोजन विधेयक, २०८३ स्वीकृत गर्ने। (अनुसूची ३)

४. त्रियुगा नगरपालिकाको आर्थिक वर्ष २०८३।८४ को अनुमानित आय व्यय विवरण सहितको वार्षिक नगर विकास योजना, कार्यक्रम र बजेट स्वीकृत गर्ने। (अनुसुची ४)

५. त्रियुगा नगरपालिकाको नगर प्रहरी सेवाको गठन, सञ्चालन र सेवा शर्त सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक नगरसभाबाट स्वीकृतिको लागि प्रस्ताव गर्ने।

६. नगर सभाको पन्ध्रौं अधिवेशनबाट पारित चालु आ.व. २०८२।८३ का योजना तथा कार्यक्रमहरुमा नगर कार्यपालिकाबाट विभिन्न मितिमा भएका निर्णय अनुसार संशोधन तथा कार्यान्वयन गरिएका संलग्न अनुसूची ५ बमोजिमका योजना तथा कार्यक्रमहरु अनुमोदन गर्ने। (अनुसूची ५)

७. नगर सभाको सोह्रौं अधिवेशन पश्चात नगर कार्यपालिकाको मिति २०८२ माघदेखि २०८३ असारसम्मको बैठकबाट भएका सम्पूर्ण निर्णयहरू अनुमोदन गर्ने।

८. त्रियुगा नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M Survey) प्रतिवेदन, २०७९ बाट सिफारिस भएको संगठन तथा दरबन्दी संरचना हालसम्म सम्बन्धित निकायमा पद दर्ता नभएको र मिति २०८२/०३/१० गते बसेको त्रियुगा नगरपालिकाको सभाको पन्ध्रौं अधिवेशनले अनुमोदन गरे बमोजिमको यसै साथ संलग्न अनुसूची- ६ (त्रियुगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरूको प्रस्तावित संगठन संरचना) र अनुसूची-७ (प्रस्तावित दरबन्दी तेरिज) बमोजिमको संशोधित संगठन संरचना तथा दरबन्दी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को उपदफा (१०) बमोजिम हुने गरी हाललाई कायम गर्न आगामी नगर सभामा प्रस्ताव गर्ने। साथै, नेपाल सरकार संघीय मामिला तथा संमान्य प्रशासन मन्त्रालयबाट जारी संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ को दफा ५ को उपदफा (३) मा स्थानीय तहले सर्वेक्षण गर्नुपूर्व सम्बन्धित कार्यपालिकाको पूर्वस्वीकृति लिनुपर्ने भन्ने व्यवस्था भएकोले यस नगरपालिका र

कार्यपालिकाको मिति २०८३/०४/०८ गतेको बैठकको निर्णय प्रमाणित।

CS CamScanner

मातहत कार्यालयहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M Survey) प्रतिवेदन तयार गर्न कार्यालयलाई स्वीकृति दिने।

९. मिति २०८२/०३/१० गते बसेको त्रियुगा नगरपालिकाको सभाको पन्ध्रौं अधिवेशनले अनुमोदन गरे बमोजिमको संलग्न अनुसूची बमोजिमको त्रियुगा नगरपालिका र मातहत कार्यालयहरुको सेवा करार दरबन्दी नेपाल सरकार संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयबाट जारी संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ बमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M Survey) प्रतिवेदन तयार भई निर्णय नभएसम्म स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को उपदफा (१०) बमोजिम हुने गरी हाललाई यथावत कायम गर्ने। (अनुसूची ८)

१०. त्रियुगा नगरपालिकाको महालेखा परीक्षकको कार्यालयबाट सम्पन्न यस नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ तथा सो भन्दा अगाडिका वर्षहरुको अन्तिम लेखा परीक्षण प्रतिवेदनमा औंल्याइएका बेरुजू फछ्यौंट तथा सुझाव सहितको प्रतिवेदन तयार गरी आगामी सभामा पेश गर्न लेखा समितिलाई अनुरोध गर्ने।

११. आ.व. २०८२/०८३ मा नगरपालिकाको न्यायिक समितिबाट सम्पन्न भएका कार्यहरूसहितको प्रतिवेदन आगामी सभामा पेश गर्न समितिलाई अनुरोध गर्ने।

१२. आ.व. २०८२/०८३ मा यस नगरपालिकाको विधायन समिताबट सम्पन्न भएका कार्यहरू सहितको वार्षिक प्रतिवेदन आगामी नगर सभामा पेश गर्न समितिलाई अनुरोध गर्ने।

१३. आ.व. २०८२/०८३ मा नगरपालिकाको संस्थागत विकास तथा सुशासन समितिबाट सम्पन्न भएका कार्यहरूसहितको प्रतिवेदन आगामी सभामा पेश गर्न समितिलाई अनुरोध गर्ने।

१४. त्रियुगा नगरपालिका नगर कार्यपालिकाबाट गठित विषयगत समितिहरूले गरेका निर्णयहरू सहितको प्रतिवेदन स्वीकृत गर्ने।

१५. त्रियुगा नगरपालिकाबाट गठन भएका नगर शिक्षा समिति, नगरको भू-उपयोग परिषद्, नगर ऊर्जा विकास समिति लगायतबाट भएका संलग्न अनुसूची बमोजिमका निर्णयहरू अनुमोदन गर्न आगामी नगर सभामा प्रस्ताव गर्ने। (अनुसूची ९)

१६. त्रियुगा नगरपालिकाको मध्यमकालीन खर्च संरचना (MTEF) २०८२/०८३-२०८४/०८५) स्वीकृत गर्न आगामी नगर सभामा प्रस्ताव गर्ने।

१७. त्रियुगा नगरपालिकाको दुरदृष्टीको नारा **"स्वस्थ, शिक्षित, उद्यमशील हाम्रो शहरः सुखी, सभ्य र समुन्नत त्रियुगा नगर"** कायम गर्ने र दोश्रो आवधिक योजना (२०८३/०८४-२०८६/०८७) स्वीकृत गर्ने।

कार्यपालिकाको मिति २०८३/०३/०८ गतेको बैठकको निर्णय प्रमाणित।

CamScanner

१८. नगर सभाको पन्ध्रौं अधिवेशनबाट चालु आर्थिक वर्ष २०८२।८३ को लागि जनतासँग मेयर, जनतासँग उपमेयर, अभरमा नगर र नगरसँग साझेदारी कार्यक्रममा विनियोजित रकम खर्च भएको संलग्न अनुसूची १० बमोजिमको योजनागत विवरण अनुमोदन गर्ने। (अनुसूची १०)

१९. त्रियुगा नगरपालिकामा आ.व. २०८२/०८३ मा वार्षिक नगर विकास योजनाहरूको कार्यान्वयन तथा आकस्मिक समस्या समाधानको लागि नगर प्रमुख बसन्त कुमार बस्नेतबाट विभिन्न मितिमा भए गरेका सम्पूर्ण नगर प्रमुखस्तरीय निर्णयहरू अनुमोदनको लागि आगामी नगर सभामा प्रस्ताव गर्ने।

२०. त्रियुगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय र विभिन्न वडाहरूबाट विभिन्न मितिमा भएका गरेका आर्थिक सहायता रकम अनुमोदन गर्ने।

२१. विगत केही वर्षदेखि जलवायु परिवर्तनको असरका कारण नेपाल जोखिममा रहेको र त्रियुगा नगरपालिका पनि चुरे क्षेत्रमा पर्ने भएकोले यसका सबैजसो भू-भागहरू उच्च जोखिममा रहेको देखिन्छ। मनसुनजन्य एवम् अग्नीजन्य विपद्का बखत नगर कार्यपालिकाले शीघ्र निर्णय लिई धनजनको क्षतिलाई रोक्नुपर्ने हुन्छ। यसरी प्राकृतिक एवम् मानवीय विपद् आईपर्दा तुरून्तै कार्यपालिकाको बैठक बस्न नसक्ने अवस्था रहेमा जोखिममा परेका नागरिकको उद्दार गरी राहतको प्रबन्ध गर्न नगरपालिकाका नगर प्रमुखलाई आकस्मिक निर्णय गर्ने अधिकार प्रदान गर्ने। यस्तो निर्णय नगर कार्यपालिकाको बैठकमा अनुमोदन गराउनुपर्ने।

२२. त्रियुगा नगरपालिकाको फोहोरमैला व्यवस्थापन गर्ने कार्य दिनप्रतिदिन चुनौतीपूर्ण बन्दै गईरहेको र यसको दिगो समाधनं गर्न नेपाल सरकारको फोहोरमैला व्यवस्थापन ऐन, २०६८ एवम् नियमावली २०७० र त्रियुगा नगरपालिकाको फोहोरमैला व्यवस्थापन कार्यविधि, २०७७ को दफा १३, १४, १५ र १६ बमोजिम हुने गरी यस नगरपालिकाले सार्वजनिक निजी साझेदारी गरी दिगो रूपमा फोहोरमैला व्यवस्थापन गर्ने सम्बन्धमा आवश्यक प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने।

२३. त्रियुगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा चालु आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक नगर विकास योजना तथा बजेटमा तपसिल बमोजिमका नगरस्तरीय योजनाहरू भएको संशोधन अनुमोदनको लागि नगर सभामा प्रस्ताव गर्ने।

<u>नगरतर्फको संशोधन</u>

| क्र. सं. | साविक योजना/कार्यक्रम | रकम | क्र. स. | संसोधन गर्ने योजना/कार्यक्रमको नाम | रकम | कै. |
|---|---|---|---|---|---|---|
| १ | मेयर्स पार्क | ८०,००,००० | १ | मेयर्स पार्क | ७६,००,००० | |

कार्यपालिकाको मिति २०८३/03/08 गतेको बैठकको निर्णय प्रमाणित।

CS CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | २ | गीता भवन मर्मत, वडा नं. ६ | ४,००,००० | |
| २ | नर्सरी उत्पादन, वृक्षारोपण तथा हरियाली प्रवर्द्धन (सामुदायिक वनसँगको साझेदारी) | २,००,००० | ३ | त्रियुगा नगरपालिकाको प्रशासकीय भवन परिसरमा फूल रोपण कार्यक्रम | १,५०,००० | |
| ३ | स्वास्थ्यकर्मीहरुको परिचय पत्र छपाई | ५०,००० | ४ | विद्यालय नर्सहरुको मासिक बैठक, समिक्षा | ५०,००० | |
| | **बयासी लाख पचास हजार** | **८२,५०,०००** | | **बयासी लाख।** | **८२,००,०००** | |

यस नगरपालिकाको मातहतका वडा कार्यालयहरूबाट आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक विकास योजना तथा बजेटबाट सञ्चालन हुने तपसिल बमोजिमका भएको योजना तथा कार्यक्रमहरू संशोधन अनुमोदनको लागि नगर सभामा प्रस्ताव गर्ने। साथै, **संघीय समानीकरण अनुदान तर्फको १०% (दश प्रतिशत) बजेट कम भई आएको हुँदा सो बराबरको रकम कटौती गरी बाँकी रकमबाट मात्र संशोधन भएका वडास्तरीय योजनाहरू कार्यान्वयन गर्ने।**

**३ नं. वडा कार्यालय गाईघाट उदयपुर**

| क्र. सं. | साविक योजना/कार्यक्रम | रकम | संसोधन गर्ने योजना/कार्यक्रमको नाम | रकम | कै. |
|---|---|---|---|---|---|
| १ | खानेपानि तथा सिचाई पाईप खरिद | १,००,००० | कृषि तथा सिचाई प्रवर्द्धन कार्यक्रम | १,००,००० | |
| २ | सानातिना भौतिक पूर्वाधार | ३,२५,००० | सानातिना भौतिक पूर्वाधार | १,५०,००० | |
| | | | मोति आदर्श वृद्धा आश्रम देखि क्याम्पस रोड सम्म सडक स्तरोन्नती | १,७५,००० | |
| ३ | स्वास्थ्य सम्बन्धी कार्यक्रम | १,००,००० | आधारभूत स्वास्थ्य सेवा व्यवस्थापन | १,००,००० | |
| | **पाँच लाख पच्चिस हजार** | **५,२५,०००** | **पाँच लाख पच्चिस हजार** | **५,२५,०००** | |

कार्यपालिकाको मिति २०८३/०२/०८ गतेको बैठकको निर्णय प्रमाणित।

CamScanner

## ४ नं. वडा कार्यालय, गाईघाट उदयपुर

| क्र. सं. | साविक योजना/कार्यक्रम | रकम | संसोधन गर्ने योजना/कार्यक्रमको नाम | रकम | कै. |
|---|---|---|---|---|---|
| १ | बालमैत्री सम्बन्धी विविध कार्यक्रम | १,००,००० | शिवशक्ति आ.वि. बगाहालाई ल्यापटप प्रिन्टर खेलकुद तथा स्टेशनरी सामानहरु खरिद | १,००,००० | |
| २ | जनजाती लक्षित कार्यक्रम | ८०,००० | फर्सेट स्थित साकेला थानमा धनुषकाँण निर्माण | ८०,००० | |
| | एकलाख असी हजार | १,८०,००० | एकलाख असी हजार | १,८०,००० | |

## ६ नं. वडा कार्यालय

| क्र. सं. | साविक योजना/कार्यक्रम | रकम | संसोधन गर्ने योजना/कार्यक्रमको नाम | रकम | कै. |
|---|---|---|---|---|---|
| १ | विविध सानातिना योजना | १,९०,००० | इन्द्रावती आधारभुत विद्यालय खानेपानी व्यवस्थापन | १,००,००० | |
| | | | स्वास्थ्य स्वयंसेविका प्रोत्साहन कार्यक्रम | ४०,००० | |
| | | | कृषकलाई मोटर खरिद तथा वितरण | ३५,००० | |
| | | | सामुदायिक जिमहल देउरीलाइ सामाग्री खरिद | १५,००० | |
| | एकलाख नब्बे हजार | १,९०,००० | एकलाख नब्बे हजार | १,९०,००० | |

कार्यपालिकाको मिति २०८२/०४/०८ गतेको
...कको निर्णय प्रमाणित ।

## ७ नं. वडा कार्यालय

| क्र. सं. | साविक योजना/कार्यक्रम | रकम | संसोधन गर्ने योजना/कार्यक्रमको नाम | रकम | कै. |
|---|---|---|---|---|---|
| १ | चकलघाट कुलो मुहान मर्मत | १,५०,००० | भन्टाबारी चोक दक्षिण अधुरो नाला निर्माण | ३,१५,००० | सबै बजेट शिर्षकको रकम एकै शिर्षकमा समावेश गरिएको |
| २ | पिपल चोक उतर दाहाल को घर छेउ बनकुलो संरक्षण | १,००,००० | | | |
| ३ | माझी टोल इनार मर्मत | ३०,००० | | | |
| ४ | सुक्लाही गिता भवन चर्पी निर्माण | ३५,००० | | | |
| ५ | मनमोहन स्मृति भवन मर्मत | १,००,००० | विपन्न नागरिकलाई जस्ता खरिद | १,००,००० | |
| | चारलाख पन्ध्र हजार | ४,१५,००० | चारलाख पन्ध्र हजार | ४,१५,००० | |

## ८ नं. वडा कार्यालय

| क्र. सं. | साविक योजना/कार्यक्रम | रकम | संसोधन गर्ने योजना/कार्यक्रमको नाम | रकम | कै. |
|---|---|---|---|---|---|
| १ | झोरा चोक विजयको घरबाट दक्षिण नमुना चोक जाने ग्राभेल | १,००,००० | ह्युम पाइप खरिद वितरण | १,००,००० | |
| | एक लाख | १,००,००० | एक लाख | १,००,००० | |

कार्यपालिकाको मिति २०८३/०३/०८ गतेको बैठकको निर्णय प्रमाणित।

## ११ नं. वडा कार्यालय

| क्र. सं. | साविक योजना/कार्यक्रम | रकम | संसोधन गर्ने योजना/कार्यक्रमको नाम | रकम | कै. |
|---|---|---|---|---|---|
| १ | जि.पि भवन मर्मत सुधार | १,००,००० | जि.पी भवनका लागि आवाश्यक सर सामान खरिद कार्य । | १,००,००० | |
| २ | वडा भरिका बाटोहरु खाल्टा खुल्टी पुर्ने काम तथा ग्रावेल। | ४,००,००० | तोयानाथ घिमिरेको घर हुदै साकेला जोडने गैरी गाउँ अन्तर्गतको 'सडक र विशालनगर टोल क मा पर्ने सडकमा ग्रावेल। | ४,००,००० | वडा भरिका बाटोहरु खाल्टा खुल्टी पुर्न काम तथा ग्रावेल शिर्षकमा रहेको रु.४०००००/- रकम मध्ये बाट भुक्तानी भई बाकी रकम बाट योजना कार्यान्वयन हुने |
| ३ | विचारी खड्काको घर जाने बाटोमा नाला तथा सडक स्तरउन्नती । | २,००,००० | विशालनगर बाबु राजभण्डारीको घर हुँदै पश्चिम सडक स्तरोन्नती । | २,००,००० | यस अघि विशालनगर टोल डिल्ली सेराईको घर जाने बाटो नाली निर्माण योजना संसोधन भई योजना कार्यान्वयन हुन नसकेकाले । |
| ४ | शनि मन्दिर देखी निलोपुल नालि ढलान माथि सल्याप लगाउने । | ४,००,००० | विशाल नगर टोल उमा गुरुङ्गको घर जाने बाटो सडक ढलान कार्य । | ४,००,००० | संशोधन भई कार्यान्वयन हुन नसकेकाले । |
| | एघार लाख | ११,००,००० | एघार लाख | ११,००,००० | |

कार्यपालिकाको मिति
२०८३/०४/०८ गतेको
बैठकको निर्णय प्रमाणित ।

## १२ नं. वडा कार्यालय

| क्र. सं. | साविक योजना/कार्यक्रम | रकम | संसोधन गर्ने योजना/कार्यक्रमको नाम | रकम | कै. |
|---|---|---|---|---|---|
| १ | अटोसिटी मजदुर उत्थान कोष | १,००,००० | आ.वि. त्रिवेणीलाई आवश्यक सामाग्री खरिद | १,००,००० | |
| | एक लाख | १,००,००० | एक लाख | १,००,००० | |

## १३ नं. वडा कार्यालय

| क्र. सं. | साविक योजना/कार्यक्रम | रकम | संसोधन गर्ने योजना/कार्यक्रमको नाम | रकम | कै. |
|---|---|---|---|---|---|
| १ | ऐलानी जग्गा व्यवस्थापन | १,००,००० | जनता आधारभूत विद्यालय बहेर्वा (बाल विकास केन्द्रलाई खेलकुद सामाग्री खरिद) | १,००,००० | |
| २ | अस्थायी प्रहरी विट व्यवस्थापन रु. १,००,०००।- मध्ये बाट रु. ५०,०००।- | १,५०,००० | जनप्रेमी आधारभूत विद्यालय हवाई फिल्ड (बाल विकास केन्द्रलाई खेलकुद सामाग्री खरिद) | १,००,००० | |
| | | | जनता आधारभूत विद्यालय असारी (बाल विकास केन्द्रलाई खेलकुद सामाग्री खरिद) | ५०,००० | |
| | दुई लाख पचास हजार | २,५०,००० | दुई लाख पचास हजार | २,५०,००० | |

कार्यपालिकाको मिति २०८२/०४/०८ गतेको बैठकको निर्णय प्रमाणित।

CamScanner

## १४ नं. वडा कार्यालय

| क्र. सं. | साविक योजना/कार्यक्रम | रकम | संसोधन गर्ने योजना/कार्यक्रमको नाम | रकम | कै. |
|---|---|---|---|---|---|
| १ | निपाने ग्रामिण सडक निर्माण तथा मर्मत | १,००,०००/- | हरिनन्दे खोला सिंचाई पाईप खरिद योजना | १,७५,०००/- | |
| २ | वरडाडा देखि चिसापानि कृषि सडक निर्माण | ७५,०००/- | | | |
| | एकलाख पच्हत्तर हजार | १,७५,००० | एकलाख पच्हत्तर हजार | १,७५,००० | |

## १५ नं. वडा कार्यालय

| क्र. सं. | साविक योजना/कार्यक्रम | रकम | संसोधन गर्ने योजना/कार्यक्रमको नाम | रकम | कै. |
|---|---|---|---|---|---|
| १ | हुवास रानिवास खानेपानी ट्याङ्की निर्माण | १,५०,००० | खानेपानीको पाइप खरिद | १,५०,००० | |
| २ | मजदुर श्रम सम्वन्धि सचेतना कार्यक्रम | ३०,००० | जस्तापाता खरिद (विपदमा परेकाहरुलाई वितरण) | ६०,००० | |
| ३ | सर्पदंश उपचार केन्द्र १८ नं. बहिनी भुल्केलाई सहयोग | ३०,००० | | | |
| | दुईलाख दश हजार | २,१०,००० | दुईलाख दश हजार | २,१०,००० | |

कार्यपालिकाको मिति २०८३/०५/०८ गतेको बैठकको निर्णय प्रमाणित।

CS CamScanner

१६ नं. वडा कार्यालय

| क्र. सं. | साविक योजना/कार्यक्रम | रकम | संसोधन गर्ने योजना/कार्यक्रमको नाम | रकम | कै. |
|---|---|---|---|---|---|
| १ | सुत्केरी आमा पोषण कार्यक्रम | २५,००० | सुत्केरी आमा पोषण कार्यक्रम | ५,००० | |
| २ | | | प्रसुती केन्द्रमा इन्भर्टरको लागी ब्यट्री खरिद | २०,००० | |
| | पच्चीस हजार | २५,००० | पच्चीस हजार | २५,००० | |

२४. त्रियुगा नगरपालिकाको आ.व. २०७४/०७५ देखि आ.व.२०८१/८२ सम्म महालेखा परीक्षकको कार्यालयबाट कायम भएको त्रियुगा नगरपालिकाको नियमित गर्नु पर्ने संलग्न अनुसूची- ११ बमोजिमका बेरुजुहरु र नगरपालिकाको तर्फबाट सम्परीक्षणको लागि उल्लेख भएको व्यहोरा (प्रतिक्रिया) खोलि सम्परीक्षणका लागि लेखा समितिवाट सिफारिस भई आए बमोजिम सम्परीक्षणको लागि नगर सभामा पेस गर्ने ।

२५. नेपाल शहरी शासकीय पूर्वाधार आयोजनाको सहयोगमा तर्जुमा भएको त्रियुगा नगरपालिकाको संस्थागत क्षमता विकास योजना (Institutional Strengthening Plan) स्वीकृत गर्ने।

२६. नेपाल शहरी शासकीय पूर्वाधार आयोजनाको सहयोगमा तर्जुमा भएको त्रियुगा नगरपालिकाको राजश्व सुधार कार्ययोजना, २०८३ स्वीकृत गर्ने।

२७. नगरपालिका र मातहत कार्यालयहरुमा कार्यरत स्वीकृत दरवन्दी बमोजिमका स्थायी कर्मचारीहरुको आर्थिक वर्ष २०८२।८३ को हालसम्मको तलवी प्रतिवेदन पारित गर्ने।

२८. आ.व. २०६०/०६१ को गाईघाट बजार हटिया ठेक्का लिने गोविन्द बहादुर बस्नेत (हाल दिवंगत) ले नगरपालिकालाई बुझाउन बाँकी रू. ६६,०००/- देखिएकोले निजले सो ठेक्का लिंदा धरौटी बापत राखिएको सकुन्ता विश्वकर्माको नाममा रहेको साविक गाईघाट २ (ख) कि.नं. ४४५ को ज.वि. ०-०-१० र कि.नं.४४६ को ज.वि. ०-१-० रोक्का रहेकोले निज गोविन्द बस्नेत वा निजको परिवारबाट

कार्यपालिकाको मिति २०८३/०४/०८ गतेको बैठकको निर्णय प्रमाणित।

CamScanner

मुलुकी देवानी संहिता २०७४ को परिच्छेद १५को दफा ४८१ मा साहुले ऋणीबाट साँवाभन्दा बढी ब्याज लिन पाउने छैन भन्ने व्यवस्था बमोजिम साँवा रु. ६६ हजारको बराबरको जरिवाना असुल उपर गरी रोक्का जग्गा फुकुवा गर्ने।

२९. मिति २०८२ भदौ २४ गते भएको जेन जी पुस्ताले गरेको आन्दोलनको क्रममा नगरपालिकाको साविकको कार्यालय भवनमा आन्दोलनकारीहरूले क्षति पुर्याउदै गर्दा उक्त भवनमा हुनसक्ने सम्भावित थप क्षतिबाट बचाउन हरसम्भव प्रयास गरी सरकारी सम्पत्ति संरक्षणमा सहानीय कार्य गरेकोले यस नगरपालिकाका हेभी सवारी चालक दिलिप श्रेष्ठलाई २०८२ को उत्कृष्ट कर्मचारीको रुपमा नगद रु.१०,००० (दश हजार) र कदर पत्रबाट सम्मान गर्ने।

<u>(ख) अन्य विषयहरू</u>

<u>निर्णय नं. १०२३</u>

त्रियुगा नगरपालिकाको नगर सभाको सत्रौं अधिवेशन मिति २०८३ असार १० गते बुधबारका दिन बस्ने गरी तय भएकोले मिति २०८३/०३/०९ र १० गते (दुई दिन) यस नगर कार्यपालिकाको कार्यालयबाट हुने सेवा प्रवाह बन्द गर्ने। साथै, मातहतका सम्पूर्ण वडा कार्यालयहरू र स्वास्थ्य संस्थाहरू (आकस्मिक सेवा बाहेक) बाट हुने सेवा प्रवाह मिति २०८३/०३/१० गते (एक दिन) बन्द सेवा प्रवाह बन्द रहने सम्बन्धमा सूचना जारी गर्ने।.

<u>निर्णय नं. १०२४</u>

त्रियुगा नगरपालिकाको भौतिक पूर्वाधार विकास एवम् सामाजिक क्षेत्रका कामलाई पूर्वानुमानयोग्य, नतिजामुखी एवम् दिगो बनाउनका लागि नगर र वडास्तरीय विकासका योजनाहरूको आवश्यकता, सम्भाव्यता र लाभ लागतको विश्लेषण गरी नगरपालिकाको एकीकृत परियोजना बैंक निर्माण गरी लागु गर्ने। परियोजना बैंकको निर्माण विधि, प्रक्रिया र ढाँचा राष्ट्रिय योजना आयोगले तोके बमोजिम हुनेछ।

<u>निर्णय नं. १०२५</u>

त्रियुगा नगरपालिकाको नगर सभाको सत्रौं अधिवेशन सम्पन्न गर्न सम्पूर्ण तयारी गर्नुपर्ने र ती कार्यहरू गर्न कार्यालय समयभन्दा अगाडि र पछाडि अहोरात्र खट्नुपर्ने भएकोले नगर सभा तयारीको लागि खट्ने कर्मचारीहरूलाई कामको प्रकृति र कार्यबोझको आधारमा बढीमा एक महिनाको न्युनतम पारिश्रमिक बराबरको प्रोत्साहन रकम नगर प्रमुखले निर्णय गरी सुविधा उपलब्ध गराउन सक्ने।

<u>निर्णय नं. १०२६</u>

आ.व. २०८२/८३ को जेठ २५ गतेसम्म त्रियुगा नगरपालिकाको बरूवा बसपार्क छेउ साकेलामा बरुवा खोलाबाट गत आ.व. २०८२/८३ मा उत्खनन गरी घाटगद्दी गरिएको नदीजन्य पदार्थको बाँकी

कार्यपालिकाको मिति २०८३/03/08 गतेको बैठकको निर्णय प्रमाणित।

CamScanner

स्टक प्रमाणित गरी कोशी प्रदेश सरकारबाट स्वीकृत दरमा बिक्री वितरण गर्ने व्यवस्था मिलाउन राजश्व शाखालाई निर्देशन दिने।

निर्णय नं. १०२७

यस नगरपालिकामा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई निरन्तरता दिन आवश्यक साझेदारी रकम नियमित साझेदारी शीर्षकबाट आवश्यक बजेट व्यवस्थापन गर्ने।

निर्णय नं. १०२८

उदयपुर जेसीजको मिति २०८३/०३/०४ गते यस कार्यालयलाई प्राप्त पत्रमा उदयपुर जेसीजको स्थायी भवन निर्माणको लागि जग्गा उपलब्ध गराउन प्रस्तावना सहित माग भई आएकोले र उक्त कार्यालयको भवन निर्माण गर्ने प्रयोजनको लागि प्रचलित कानून बमोजिम आवश्यक कानूनी प्रक्रिया पूरा गरी उपयोग गर्न दिने गरी त्रियुगा नगरपालाका- १२ स्थित साकेलाको छेउमा १ (एक) कट्ठा जग्गा सिफारिश गर्ने।

निर्णय नं. १०२९.

त्रियुगा नगरपालिका-१२ ठेगाना भएको मधेशी समाज उदयपुरको पत्र संख्या ०८२/०८३, च.नं. ६०, मिति २०८३/०२/१८ गते यस कार्यालयलाई प्राप्त पत्रमा मधेशी सांस्कृतिक संग्रहालय तथा अतिथि सदन निर्माणको लागि जग्गा उपलब्ध गराउन उक्त संस्थाको निर्णय सहित माग भई आएकोले उक्त संस्थाको भवन निर्माण गर्ने प्रयोजनको लागि त्रियुगा नगरपालिका-१२ स्थित बरूवा क्याम्पसबाट पूर्वतर्फ आवश्यक कानूनी प्रक्रिया पूरा गरी ३ (तीन) कट्ठा जमिन उपलब्ध गराउने।

निर्णय नं. १०३०

त्रियुगा नगरपालिकाका नगर उपप्रमुख, श्री महेश्वरी राईज्यूको अध्यक्षतामा मिति २०८३/०१/२२गते बसेको स्थानीय तह मल वितरण व्यवस्थापन समितिको ५१औं (विशेष) बैठकबाट मिति २०८३/०१/१६ गते जिल्ला प्रशासन कार्यालयको बजार अनुगमन टोलीले जफत गरी त्रियुगा नगरपालिकामा बुझाएको रासायनिक मलखाद सम्बन्धमा थप अध्ययन तथा जाँचबुझ गर्न गठन भएको अध्ययन तथा जाँचबुझ समितिले पेश गरेको प्रतिवेदन माथि छलफल भयो। प्रतिवेदन अनुसार अनुदानको मल वितरण व्यवस्थापन कार्यविधि, २०८२को दफा १५(ङ) र दफा १८को उपदफा १ बमोजिम स्थानीय समितिको निर्णयको आधारमा मल वितरणमा भेदभाव गर्ने वा गैर कानुनी कार्य गर्ने, तोकिएको बिक्री मूल्य भन्दा बढि लिने एवम् कार्यविधिको व्यवस्थाको विपरित हुने कार्य गर्ने विक्रेताहरुको विक्रेता प्रमाण पत्र (डिलरशिप) निलम्बन वा रद्द गर्न मल वितरक कम्पनीलाई सिफारिस गर्ने सम्मको कारवाही गर्ने व्यवस्था भएकोमा सोही प्रतिवेदनले दोषीलाई सामान्य कारवाही वा सचेत गराउने सुझाव दिएकोले हाललाई त्रियुगा नगरपालिका-८, राजावासस्थित खार्पाली एग्रो तथा फिड सप्लायर्सलाई अब उप्रान्त उक्त किसिमको काम नगर्न नगराउन सचेत गराउने।

कार्यपालिकाको मिति २०८३/०३/०८ गतेको बैठकको निर्णय प्रमाणित।

CS CamScanner

निर्णय नं. १०३१

निवेदक चन्द्र प्रसाद पोखरेल, प्रत्यर्थी त्रियुगा नगरपालिका कार्यालय, त्रियुगा नगरपालिका नगरकार्यपालिकाको कार्यालय, नगर प्रमुख वसन्त कुमार बस्नेत, प्रमुख प्रशासकीय अधिकृत कुमार प्रसाद कोइराला समेत भएको मुद्दा नं. ०८२-WO-०६३०, मुद्दा उत्प्रेषणयुक्त परमादेश....१, समेत १ वटा मुद्दामा श्री उच्च अदालत विराटनगरमा लिखित मस्यौदा गरी पेश गर्न र वहस पैरवी गर्ने लगायतका कार्य गर्न यस कार्यालयका कानूनी परामर्शविज्ञ अधिवक्ता विना पाण्डेलाई प्रतिनिधित्व गर्न अख्तियारी प्रदान गर्ने।

विविध सम्बन्धमा।

निर्णय नं. १०३२

क) वडा सदस्य ईन्द्रराज कार्की- वडा सदस्यको राजिनामा सम्वन्धमा।
त्रियुगा नगरपालिकाको नगर सभा सदस्य तथा वडा नं. ८ का वडा सदस्य ईन्द्रराज कार्कीले यस नगरपालिकामा पेश गर्नुभएको राजिनामा सम्वन्धी विषय यस कार्यपालिकामा जानकारी भयो।

ख) कार्यपालिका सदस्य सुनिता गजमेरको पतिको उपचारार्थ आर्थिक सहयोग गर्ने।
त्रियुगा नगरपालिकाको कार्यपालिका सदस्य सुनिता गजमेरका पति दुर्घटनामा परी गम्भिर घाइते भएको हुँदा निजको स्वास्थ्य उपचारको लागि रू. २५ हजार सहयोग उपलव्ध गराउने।

ग) त्रियुगा नगरपालिका अन्तर्गतको नगर अस्पताल, देउरीमा चौविसै घण्टा सेवा उपलव्ध गराउनुपर्ने र सो को लागि थप जनशक्ति आवश्यक भएकोले एक जना अ.न.मी. व्यवस्था गर्ने।

२०८३/३/८

कार्यपालिकाको मिति २०८३/03/08 गतेको बैठकको निर्णय प्रमाणित।

CamScanner